# आ व २०८१।८२ को बजेट,नीति तथा कार्यक्रम

उदयपुरगढी गाँउपालिका

उदयपुरगढी,उदयपुर

कोशी प्रदेश, नेपाल

उदयपुरगढी गाउँपालिकाको नियमित गाउँ सभाको सत्रौ अधिवेसनमा उपस्थित हुनु भएका गाउँपालिकाका
उपाध्यक्ष ज्यु
वडा अध्यक्ष ज्युहरु
गाउँकार्यपालिका सदस्य ज्युहरु
गाउँसभाका सदस्यज्यूहरु,
पत्रकार मित्र,
महिला तथा सज्जन बृन्द लगायत सम्पुर्ण कर्मचारीहरु,
र सुरक्षा कर्मीज्यूहरु ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल उदयपुरगढी गाउँपालिका अध्यक्षको हैसियतले सम्मानित १७ औ गाउँसभाको पहिलो बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ। यस अवसरमा म. सर्वप्रथम नेपाल राष्ट्रको रक्षा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक कान्ति, सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात- अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपालीमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

२ वर्षे कार्यकालमा उदयपुरगढी गाउँपालिकामा स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को यथासिघ्र कार्य सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नवीन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमहरुको शुरुवात गरिएको छ । गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

गाउँसभा र गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ । आवश्यक विषय, क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा आयोजनाहरुको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र गाउँपालिका वासी आम नागरिकहरुलाई उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौ । छिटो, छरितो र गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिकको सार्वभौम अधिकारको सम्मान गर्दै सार्वजनिक सम्पत्तिको प्रयोग सार्वजनिक हित र भलाईको प्रयोजनमा गर्ने नीतिलाई जोडदार रुपमा अघि बढाएका छौं ।

**आदरणिय सभासद ज्यूहरु**

मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई संस्थागत गराउन तथा चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हो। सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज बनाउनु अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्वन्ध र सम्पर्क रहने वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौ। कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्ध जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष जोड दिइने छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकावासी तथा सबै सरोकारवाला महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने विश्वास लिएको छु ।

**आदरणिय सभासद ज्यूहरु**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७९, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँ पालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको

छ । दीगो विकास लक्ष्य २०३० को मार्गचित्र, उदयपुरगढी गाउँपालिकाको आवधिक योजना २०८०\८१-०८४\८५, मध्यमकालीन खर्च योजना-२०८१, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका विभिन्न कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउनु पर्छ। आम नागरिकहरुले आवश्यक साथ सहयोग, सुझाव दिनु र सरकारी निकायहरूले लिनु पर्छ । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गर्ने प्रयत्न गरिएको छ। गुणस्तरीय पूर्वाधार विकास, सार्वजनिक सेवा र सुशासनको कार्यमा गाउँपालिका भित्रका राजनैतिक दलहरू, आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सरकारी तथा गैरसरकारी सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ।

नेपालको संविधान,२०७२ मा व्यवस्था भएको राज्यको पुर्नसंरचना अन्तरगत संघ, प्रदेश र स्थानीय गरी तिन तहका सरकारको व्यवस्था भए वमोजिमको २०७३ सालमा यो उदयपुरगढी गाउँपालिका नेपालको भित्री मधेश अन्तर्गत उदयपुर जिल्लाको पश्चीम भेगमा अवस्थित गाउँपालिका हो । साविकको तावाश्री, वर्रे, डुम्रे, पन्चावती र भलायडाँडा गा.बि.स. मिलाएर बनेको यो गाउँपालिकामा जम्मा ८ वटा वडाहरु रहेका छन् । यसको क्षेत्रफल २६९.५१ वर्ग कि.मी. रहेको छ भने २०७८ सालको जनगणना अनुसार ६८०० घरधुरी संख्या र २८,९२६ जनसंख्या रहेको छ । मगर, तामाङ्ग, राई, क्षेत्री, ब्राह्मण, गुरुङ्ग, कामी, दमाई, सार्की लगायत विभिन्न जातजातिहरुको सम्मिश्रित संस्कार संस्कृती अंगालेर बसेको गाउँपालिका हो उदयपुरगढी । जातिय विविधतामा एकता हुनु यस ठाउँको सम्पति हो । विभिन्न पर्यटकिय स्थलहरु, नदिनाला र जगलहरु हाम्रा प्राकृतिक सम्पदाहरु हुन् । कृषि, पशुपालन यस क्षेत्रको प्रमुख आर्थिक श्रोत हो । यो भूगोल भित्र थुप्रै चुनौतिहरु र संभावनाहरु उत्तिकै रहेको हुँदा यिनै भूगोलको विचबाट जनताले स्थानीय सरकारको रुपमा जनप्रतिनिधीलाई एकातिर अधिकार र अर्को तर्फ कर्तव्यको सन्तुलित पखेटा दिएर यस गाउँपालिकाको समृद्ध उडाउनको लागि जनादेश दिएको छ यसै सन्दर्भमा

आज हामी यस गाउँपालिकाको समृद्ध उडानको लागि जनादेश सहीत कार्यक्रम लिएर आएका छौ ।यसै सन्दर्भमा आज हामी यस उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को अनुमानित आय, व्याय निती तथा कार्यक्रम पेश गर्ने गरिमामय गाउँसभा समारोहमा उपस्थित हुन पाएकोमा सामूहिक खुशी व्यक्त गर्न चाहन्छु ।

**आदर्णिय सभासद ज्यूहरु,**

उदयपुरगढी बासीको परिवर्तित चाहाना एवम् बिकास र समृद्दिको सपनालाई सार्थक वनाउने सम्भावनाको ढोका खुलेको छ । सामाजिक न्याय सहितको बहुआयामिक एवम् तीव्र विकासद्धारा समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न सकिने आधार तयार भएको महशुस भएको छ । जनताका विकसित सपना जागृत भएका छन् र विकास एवम् समृद्धिका नयाँ नयाँ मानक स्थापीत गर्दै अघि बढन सम्भव भएको छ ।

गाउँपालिकाका करिब ९५.२५ प्रतिशत जनता विद्युत सेवाबाट लाभान्वीत भई उज्यालो उदयपुगढी अभियान अन्तर्गत विद्युत सेवा विस्तारको अन्तिम चरणमा पुगेको छ । सडक पूर्वाधार निर्माणको वेस तयार गरिएको, आर्थिक विकासका क्षेत्रहरुको पुर्नउत्थानमा प्राप्त नतिजा उल्लेखनीय छन् । उत्तम, नीति, सक्षम नेतृत्व , आत्मविश्वास र समपर्णका साथ अघि बढदा विकासको अभियानलाई तीव्रता दिन सकिन्छ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न हामी सफल भएका छौ ।

आगामी बर्षको वजेट तयार गर्दा हाम्रा चुनावी घोषणापत्र, गाउँपालिकाको आवधिक योजना, स्थानीय स्तरका वडागत माग र आकांक्षा, नेपालको दिगो विकासका लक्ष्यलाई महत्वपुर्ण आधारको रुपमा लिएको छ । सबै प्रकारका सामाजीक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धी र सामाजीक न्यायको यात्रालाई थप गतिशील बनाउने र समाजबादको आधार निर्माण गर्ने उदेश्यबाट निर्देशित भएको छ । नागरीक समाज, जनप्रतिनिधि, निजी क्षेत्र, बुद्दीजिवी, पेशाविद, राजनैतीक दल, सरकार तथा गैरसरकारी निकायहरू र आम नागरीकबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

**आदर्णिय सभासद ज्युहरू**

अव म यस गाउँपालिकाको सवल, दुर्वल, अवसर र चुनौतीका विषयहरु उठान गर्ने अनुमती चाहन्छु ।

## १.२ चालु आ.ब. को नीति तथा कार्यक्रमको समीक्षा

### सबल पक्षहरु

- प्राकृतिक स्रोतसाधनहरु वनजङगल, नदिनाला, ताल पोखरी आदि पर्याप्त मात्रामा रहेका छन् ।
- स्थानीय जनताहरु विकासको विषयमा जागरुक रहेका छन । बाटो सरसफाई तथा बाटो निर्माणमा अनिवार्य ५० प्रतिशत पुर्वाधारका कार्यहरु गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- कृषि उत्पादन, पशुपालन, जडिबुटिहरु, पर्यटनको विकासका लागि पर्याप्त संभावनाहरु रहेका छन् ।
- स्थानीय सरकारको रुपमा स्थानीय जनप्रतिनिधिहरुको बहाली भई निरन्तर रुपमा विकास निर्माणमा अघि वढेको अवस्था रहको छ ।
- जनप्रतिनिधि, राजनीतिक दलहरुमा गाउँपालिकाको विकास र समृद्धिको विषयमा एकमत रहेको छ ।

### कमजोर पक्ष

- स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति हुन सकेको छैन र कर्मचारी अभाव बाट गुज्रनु परेको अवस्था। वेला वेलामा प्रदेश सरकारले
- कर्मचारी सरुवा गरिदिदाँ काममा वाधा परेको अबस्था ।
- संघीय सरकार, प्रदेश सरकार लगायतबाट प्राप्त हुनुपर्ने सिलिङ बमोजिमका अनुदान र वाँडफाड रकमहरु तोकिएको समयमा तोकिएको परिमाणमा नै प्राप्त हुन नसक्नु र तीनै तहका सरकारहरू बीच समन्वयको अभावको अवस्था विद्यमान छ ।
- भौगोलिक विकटताको कारणले यातायात , सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारहरुको कमी रहेको छ ।
- सम्झौता समय भित्र ठेकेदार कम्पनीहरूले कार्य सम्पन्न नगर्दा नागरिकहरुको दवाब बढ्दो छ ।

## अवसर तथा चुनौती

राजनीतिको केन्द्रमा वसेर निखारिएका नेतागण र वर्षौदेखि प्रशासन चलाएर अनुभव सम्हालेका कर्मचारीहरु, उपयुक्त नीति तथा कार्यक्रम र स्रोत साधनको उपलब्धता बीच व्यापक छलफल भई यस गाउँपालिकाको आ.व २०८०।०८१ को समिक्षा र आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम तयार गरी यस सभामा पेश गर्नु तथा यसको कार्यान्वयन गर्नु हाम्रो लागि एउटा ऐतिहासिक अवसर र चुनौती पनि हो । राज्यको विकासको लहरलाई स्थानीय स्तरसम्म पुऱ्याउन तथा स्थानीय आवश्यकता र चाहना पहिचान गरी स्थानीयस्तरबाटै पूरा गर्न तोकिएको समयमा आवश्यक जनशक्ति, श्रोत र साधनको अभावको बीच यो बजेट तथा कार्यक्रम तयार पारी स्थानीय सरकारको जिम्मेवारी तथा अविभारा समेत पूरा गरेका छौं । पर्याप्त र स्पष्ट नियम कानुन अनुभवको अभावमा बजेट कार्यान्वयन चुनौतीपूर्ण हुन सक्छ तर सबै पक्षको सहयोग प्राप्त भएमा गाउँपालिकाको समग्र विकास सँगै स्थानीय स्रोत साधनको कुशलतम उपयोग भई जनताको जीवनस्तर माथि उठ्नेछ ।

**आदर्णिय सभासद ज्युहरू**

चालू आ.व. २०८०।८१ को नीति तथा कार्यक्रमको क्षेत्रगत विकासको समिक्षा पेश गर्दछु :

### क) आर्थिक क्षेत्र

सहकारी, लघु उद्यम, पर्यटन, कृषि तथा पशु सेवा तर्फ कुल बजेट ५ करोड ६८ लाख ५४ हजार विनियोजन भएकोमा सो अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु। कृषक समूहका प्रतिनिधिहरुलाई १ दिने धान र आलु तरकारी खेतीको तालीम सञ्चालन गरिएको । यसै गरि वडा नं ५ को कुसुमबोटमा कृषक पाठशाला सञ्चालन गरिएको। राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवनबाट ल्याएको मुल तथा उन्नत विउ वडा नं ७, र ५ मा मकैको विउ ८० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरिएको। मौरीपालनका लागि वडा नं ४ र वडा नं ७ मा करिव ३० वटा आधुनिक मौरीघारहरु वितरण गरिएको । यसै गरि सबै वडाहरुमा ३६ वटा भकारो सुधारका

कार्यक्रमहरु सम्पन्न गरिएको । कृषकहरुलाई ५९ वटा प्लाष्टिक टनेल वितरण गरिएको। नेपालटार वडा कार्यालय परिषरमा संघिय सशर्त कार्यक्रम र गाउँपालिकाको समेत लगानीबाट शित भण्डार गृह (कोल्ड चेम्वर/कोल्ड रुम) तयार गरिएको। कृषि यन्त्र उपकरण वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा २८ बटा मिनिटिलर,२ वटा कम्वाईन्ड मिल वितरण समुह, फर्महरु मार्फत सञ्चालन गरिएको। वडाको साझेदारीमा अदुवा बेसार खेती मार्फत यस गाउँपालिकाको वडा नं. ३ मा कृषक फर्महरुसंगको साझेदारीमा सञ्चालन गरिएको । त्यस्तै ब्रस कटर लगायतका सामाग्रीहरु वितरण गरिएको। मकै वालीमा लागेको फौजी किरा नियन्त्रणको लागि विषादी वितरण गरिएको। विभिन्न २९ वटा साना सिँचाईका कार्यक्रमहरु सञ्चालन गरिएको। संघिय शसर्त कार्यक्रम तर्फको बाली विकास कार्यक्रम तर्फको धान बाली प्रबद्र्धन कार्यक्रमको ५० प्रतिशत अनुदानमा मसिना धानको मुल विउ तथा उन्नत विउ पञ्चावतीमाई कृषि सहकारी संस्थासंगको साझेदारीमा कृषकहरुलाई वितरण गरिएको।तरकारी बाली विकास कार्यक्रम तर्फको आलु बालीको उन्नत विउ २ बटा समुह र फर्मलाई वितरण गरिएको। कृषकहरुलाई कृषि उपज ढुवानीमा सहज होस भन्ने उद्धेश्यले कृषि एम्वुलेन्सको अवधारण संगसंगै यसको लागि कृषि एम्वुलेन्स ल्याउने तयारी रहेको।सामुहीक वंगुर पालन र वाख्रापालनका कार्यक्रमहरु सञ्चालन भएको। ५० प्रतिशत अनुदानमा वोयर वोका आठवटै वडामा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको । भेडा पालक कृषक तथा फर्मलाई अनुदान सहयोग वितरण गरिएको ।नमुना बाख्रा खोर निर्माण कार्यक्रम आठवटै वडामा वितरण सम्पन्न गरिएको। नमुना बंगुर खोर निर्माण कार्यक्रम आठवटै वडामा वितरण सम्पन्न गरिएको।च्याउँ खेती विस्तार प्रवद्र्धन कार्यक्रम यस गा.पा.को १ र ७ मा सम्पन्न गरिएको, त्यस्तै गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत यस बर्ष २३ जना व्यक्तीहरुलाई स्तरोन्नती र नया उद्यमी थप २९ जनालाई स्वरोजगार वनाईएको। १ वटा साझा सुवीधा केन्द्र वडा नं. ८ मा निर्माण भएको । ८५ जनामा २० जनाको हाल सम्म उद्यमशीलता विकास तालीम पश्चात सहभागीहरुले छनौट गरेको व्यवसाय सम्बन्धि सिप विकास तालीम संचालन भईसकेको। वडा नं ७ र २ मा १६

जनामा ढाका वनाउने तालीम स्तर उन्नती सञ्चालन गरिएको। ४ चक्के सानो गाडीको ड्राइभिङ्ग तालीम ४ जनामा सञ्चालन गरिएको। त्यस्तै पर्यटनका काममा पुरानो गढी सौन्दर्यकरण निर्माणका काम सम्पन्न भएको, त्यस्तै प्रदेश पर्यटन तथा वन वातावरण मन्त्रालयबाट पुरानो गढीमा आन्तरीक तथा बाह्यि पर्यटनका लागि पिकनिक स्पोर्ट, टिकट काउन्टर, शौचालय निर्माण, पालिका तर्फबाट प्रतिक्षालय, वाल उद्यान, पिङ्ग निर्माण भएको । छेलो भञ्ज्याँङ्ग पर्यापर्यटनका धारा,प्रतिक्षालय, पोखरी निर्माण लगायत भौतीक पुर्वाधार निर्माण गरिएको । संघिय सशर्त अन्नतगतको मासु प्रवर्दन कार्यक्रम १८ वटा फर्म,समुह,सहकारी मार्फत संचालन गरिएको त्यस्तै, माछा प्रवर्दन कार्यक्रम ९ वटा फर्ममा संचालन गरिएको। प्रदेश सशर्त अन्नतगतको बाख्रा पालान प्रवर्दन कार्यक्रम कृषक समुहमा सन्चालन गरिएको । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको निरन्तरता वडा नं ६ मा बाख्रा पकेट कार्यक्रम सम्पन्न गरिएको। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ७४ जनालाई औषतमा १०० दिन रोजगार प्रदान गरिएको। यसबाट पालिका भित्रका विभिन्न भौतीक पुर्वाधार लगायत सडक, खानेपानी र सिंचाईका योजनाहरुमा संयुक्त रुपमा निर्माण सम्पन्न गरेको। रोजगार सेवा केन्द्र मार्फत २२ जनाको पुनः श्रम स्विकृती, १९ जनाको अनलाईन राहदानी फारम, ४ जनाको वैदेशीक रोजगार छात्रवृती, १ जनाको खोज तलास तथा उद्धार गरिएको। प्रदेश पर्यटन तर्फको भालुदह संरक्षणका लागि प्रतिक्षालय निर्माण, परेवा झरनामा सिंढी निर्माण, उदयपुरगढी भ्यू टावर निर्माण सम्पन्न गरिएको ।

ख) <u>पुर्वाधार क्षेत्र समिक्षा</u>

आ।व। २०८०।८१ को गाउँसभाबाट स्विकृत कार्यक्रम तथा संघिय सरकारबाट प्राप्त १५ शैयाको उदयपुरगढी अस्पताल निर्माण हुदै गरेको । उदयपुरगढीमा निर्माण गरिएको कभर्ड हल निर्माण सम्पन्न भएको, नेपालटारमा कभर्डहल निर्माण हुदै सम्पन्नको चरणमा रहेको । नेपालटार उदयपुरगढी सडक कालोपत्रेका लागि संघिय तथा प्रदेश सरकारबाट वजेट विनियोजन भई कार्य सञ्चालनमा रहेको । पुरानो गढी पुन निर्माणको कार्यक्रम सञ्चालन भई निर्माण सम्पन्न भएको र यसमा केही अधुरा र सौन्दर्यकरणको कार्यहरु कार्यान्वयनको चरणमा रहको । गाउँपालिकाको प्रशासकिय भवनको ठेक्का

लागि निर्माणका चरणमा रहेको। स्वास्थ्य चौकी तावाश्री भवन निर्माणको अन्तीम चरणमा रहेको । संघिय शसर्त कार्यक्रम तर्फको कृषि विभागबाट प्राप्त शित भण्डार (कोल्ड चेम्वर) निर्माणको अन्तिम चरणमा रहेको तथा कृषि एम्वुलेन्स खरिदको प्रकृया अन्तीम चरणमा रहेको। विनियोजीत साना सिँचाईको योजनाहरु निर्माण भई सम्पन्न भएको। वडा नं ३ जरुवाको स्वास्थ्य चौकी टेण्डरको प्रकृयामा रहेको। उपल्लो धिलेखोला खानेपानी योजना निर्माण अन्तिम चरणमा रहेको। देउलीकुना बाहुनीटार हुदै बर्रे सडक सडक वोर्डको साझेदारीमा निर्माणको चरणमा रहेको। वडा नं. ६ को छेलो भज्याँगको गार्डेनिङ्गको कार्य सम्पन्न गरि सकिएको। नेपालटार स्वर्गेडाडा लाहान सडक स्तरउन्नती गरिएको। चुलाढुगा डुम्रे सडक ग्राभेल स्तरउन्नती गरिएको।

## ग) बन, बाताबरण तथा विपद व्यवस्थापन

आ.व. २०८०।८१ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण विपद तथा राहतका लागि गाउँपालिकाको विभिन्न वडाहरुका २२ जना व्यक्तिहरुलाई गाउँपालिकाको रातह ब्यवस्थापन कार्यविधि अनुसार रु १००००।०० देखी ३००००।०० सम्म राहत रकम तथा त्रिपालहरु वितरण गरिएको। नेपालटार लगायतका स्थानहरुबाट नियमित रुपमा फोहरमैला संकलन गरि व्यवस्थापन गरिएको। साहस नेपालसंग साझेदारीमा र पशुपती प्रसाद गणको प्राविधिक सहयोगमा विपद ब्यवस्थापन सम्वन्धी नेपालटारमा आगलागीको १ दिने कृत्रिम अभ्यास गरिएको। विपद ब्यवस्थापन राहत कोषबाट नदि कटान नियन्त्रण जनपरिचालन र प्राकृतिक विपदमा परेका घरपरिवारहरुलाई कोष संचालन समितिको निर्णय वमोजीम क्षतिको मुल्याँकनको आधारमा राहत प्रदान गरिएको। घर आगलागी भएका २० घर, हावाहुरीवाट घर उडाएको १ घर र पुल र नदि नियन्त्रणका लागि वडा नं. १, २, ३, ५, ६ र ७ मा जाली प्रदान गरिएको। विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत आगलागी, हावाहुरी, बाढी पहिरोबाट प्रभावित वडाहरुका प्रभावित ब्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको। त्यस्तै यसै कार्यक्रम मार्फत विभिन्न स्थानमा गएको पहिरोहरु नियन्त्रणका लागि क्रेट जाली लगाउने कार्यहरु भएको। वडा नं. ६ को ज्यामिरे खोला

आसपास फोहर मैला व्यवस्थानका लागि डम्पिङ्ग साईट निर्माण गरि फोहरमैला ब्यवस्थापन गरिएको। वडा नं ६ भएर जाने मदन भण्डारी राजमार्गको मौवासी सडक खण्डमा गएको पहिरो नियन्त्रणका लागि सहकार्य गरिएको। वडा नं १ को सुस्लीगटोल पहिरो नियन्त्रण, वडा नं. २ को आलेकित्ता ठाडेगाँउ सडक पहिरो नियन्त्रण, गणेशटार भोटेटार श्रीबानी सडक पहिरो नियन्त्रण, पूजारीटार मिलडाँडा मा.वि.वर्रे पहिरो नियन्त्रणका लागि क्रेट जाली वितरण गरि कार्य गरेको। त्यस्तै वडा नं. ३ को मा.वि. बर्रे तथा सडक पहिरो नियन्त्रणका लागि समेत क्रेट जाली उपलब्ध गराईएको। वडा नं ४ र ५ को डुम्रे स्वास्थ्य चौकी नजिक पहिरो नियन्त्रण, चुलाढुगा मझुवा बडहरेखोला सडक पहिरो नियन्त्रण, मझुवा मौवाडाडा पहिरो नियन्त्रण, तावाखोला पौवाखोला नदि नियन्त्रण, लिपेखोला कल्भर्ट, पौवाखोला किनार नदि नियन्त्रण, कालिका आ.वि. डुम्रीटार पहिरो नियन्त्रणका लागि क्रेट जाली प्रदान गरिएको। वडा नं ६ को नेपालटार धप्पर भुमरे हुँदै लाहान सडक पहिरो नियन्त्रण, बैजनाथ खोला जग्रेटार नदि नियन्त्रण,वैजनाथ खोला सुविदार कित्ता खेत संरक्षण, त्यस्तै वडा नं ७ को काठेपुल मुहानगरि कोल्टी कमान आउने कुलो संरक्षण, वडा नं. ८ को भलायडाँडा एडिवि खानेपानी मुहान संरक्षणका लागि विपद व्यवस्थापनबाट खरिद गरिएको क्रेट जाली उपलब्ध गराईएको।

### घ) सुशासन तथा संस्थागत बिकास

सुशासन तथा संस्थागत विकास तर्फको वडा नं. ३ को वडा भवन मर्मत कार्य पुरा भएको। वडा नं. १ वडा भवन मर्मत कार्य सम्पन्न भएको। ६ नं. वडा कार्यालय परिसर कम्पाउण्ड तार जाली निर्माण सम्पन्न भएको। टोल विकास संस्था गठन थप संचालन र परिचालन कार्य सम्पूर्ण वडामा सम्पन्न भएको छ। पालिका स्तरीय आवधिक सार्वजनीक सुनुवाईको व्यवस्थापन गरि सम्पन्न गरिएको। कर्मचारीहरुको कार्य सम्पादन तथा मुल्याङ्कनहरु हेर्दा सुधार हुदै गएको तथा सुशासन तर्फ सकरात्मक नतिजाहरु प्राप्त भएको। चालु आ व २०८०।०८१ मा तपसिलको १७ वटा कार्यविधि, १ वटा निर्देशीका र

मापदण्ड १ वटा पास गरि लागु गरिएको। २ वटा कार्यविधि संशोधन गरिएको।

- वाल संरक्षण सम्वन्धी कार्यविधि,२०८०
- वजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यविधि, २०८०
- गा.पा.को स्थानीय राजश्व परामर्श समितिको कार्यविधि, २०८०
- गा.पा. विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०
- गा.पा. सुशासन तथा स्थानीय सेवा समिति (समिति गठन)सञ्चालन कार्यविधि, २०८०
- गा.पा.अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८०
- उदयपुरगढी गा.पा. मातहतका स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा थप सुविधा सम्वन्धि कार्यविधि, २०८०
- कर्मचारी तहवृद्धि नामावली लिष्ट मापदण्ड, २०८०
- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८०
- गाउँ खेलकुद विकास कार्यविधि, २०८०
- उदयपुरगढी गाउँपालिकाको कृषि तथा पशुपन्छी अनुदान कार्यविधि, २०८०
- घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- टोल विकास समिति सञ्चालन संशोधन कार्यविधि, २०८०
- मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा) तथा माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- उदयपुरगढी गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, वाल विकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ती सम्वन्धि कार्यविधि, २०८०
- उदयपुरगढी गाउँपालिकाको प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०८०
- साना सिंचाई आयोजना सञ्चालन निर्देशीका, २०८०

➢ लैङ्गिक समानता सामाजिक समावेशीकरण (लैङ्गिक नीति) कार्यविधि, २०८१

➢ सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यममा व्यवस्थित गर्न बनेको कार्यविधि, २०८१

**ङ) सामाजिक विकास तर्फ :**

स्वास्थ्य सेवा तर्फ पालिका स्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको, पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक सम्पन्न भएको, क्षयरोग सम्बन्धि कार्यक्रम सम्पन्न भएको, परिवार कल्याण कार्यक्रम अन्तर्गत परिवार नियोजन,किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम सम्पन्न भएको, पोषण कार्यक्रम सम्पन्न भएको, मातृ तथा नवशिशू कार्यक्रम अन्तर्गत आमा सूरक्षा, गर्भवति उत्प्रेरणा सेवा र न्यानो झोला कार्यक्रम संचालन गरिको, PNC Home Visit कार्यक्रमको १ दिने समिक्षा कार्यक्रम सम्पन्न भएको, CB-IMNCI समिक्षा कार्यक्रम सम्पन्न भएको, IMNCI onsite coaching कार्यक्रम सम्पन्न भएको, समता र पहूच कार्यक्रम सम्पन्न भएको, कोभिड- १९ रोग विरुद्ध खोप अभियान तथा बूस्टर खोप कार्यक्रम सम्पन्न भएको, नियमित खोप सूदृणीकरण, पुर्ण खोप सूनिश्चितता, दीगोपनाका लागी सूक्ष्म योजना अध्यावधिक र सरसफाई प्रवर्धन प्याकेज पूनर्ताजगी तालिम १ दिन एवं पुर्०ा खोप गा.पा.सूनिश्चितताको लागी खोप समन्वय समितिहरुको अभिमूखिकरण, स्वास्थ्यकर्मीहरुबाट वडामा घरधूरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको, प्रजनन् रुग्णता स्वास्थ्य कार्यक्रम सम्पन्न भएको, स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्बन्धि फलोअप तथा अनूगमन कार्यक्रम सम्पन्न भएको, नर्सिङ तथा सामाजिक सूरक्षा सेवा कार्यक्रम अन्तर्गत महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका दिंवस कार्यक्रम सम्पन्न भएको, महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुको मासिक बैठक संचालन गरिएको, महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागी मसर्ने तथा मानसिक स्वास्थ्य

सम्बन्धि १ दिने अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको, आमा सूरक्षा कार्यक्रम अन्तर्गत ग्रामिण अल्ट्रासाउण्ड  कार्यक्रम संचालन गरिएको ।

महिला विकास तर्फ गा पा तर्फ बाल क्लब गठन गरि सकिएको। नेतृत्व तथा संस्थागत विकास तालीम सम्पन्न भएको। लैङ्गीक हिंसा विरुद्दको १६ दिने अभियान सम्पन्न भएको। सहकारी संस्थाहरुको चौमासीक प्रगती समिक्षा तथा अन्तरक्रिया सम्पन्न गरिएको । अपाङ्गता शिविर कार्यक्रम सम्पन्न गरिएको । बालविवाह न्युनीकरण सम्वन्धी किशोरकिशोरी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको। प्रजनन् स्वास्थ्य र लैंगिक हिंसा न्युनीकरण सम्बन्धी तालिम सम्पन्न गरिएको ।

शिक्षा युवा तथा खेलकुद विकास शाखा तर्फ १८ वटा विद्यालय व्यवस्थान समितिको पुनर्गठन गरिएको। राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरिएक। कक्षा ८ को आधारभूत तहको परिक्षा सञ्चालन गरिएको। कक्षा ८ को स्थानिय तहको पाठ्यपुस्तक छपाईको क्रममा रहेको। एकिकृत शैक्षिक सूचना प्रणालीको प्रत्येक विद्यालयका शिक्षकलाई तालिम प्रदान गरिएको। दरवन्दी मिलानको कार्य गरीएको। विज्ञान प्रयोगशाला ICT कार्यक्रम तथा पुस्तकालयको अनुगमन गरिएको। ict का समानहरु एउटा डेस्टप , एउटा पिन्टर र ई हाजीरी विद्युतको पँहुच भएका विद्यालयमा वितरण गरिएको। शिक्षा शाखा अन्तर्गत शैक्षिक सत्र २०८१ सालको शैक्षिक पात्रो छपाई तथा वितरण भएको ।

आदरणीय गाउँ सभा सदस्य ज्युहरु,
अब म आर्थिक वर्ष २०८१।८२ मा अवलम्वन गरिने नीति तथा कार्यक्रमको विषयगत विवरण पेश गर्दछु ।

**१. आर्थिक विकासः**

- आ.व. २०८१।०८२ मा कृषकहरुको बास्तविक पहिचानका लागि कृषक परिचय पत्र वितरण गरिनेछ । कृषक परिचयपत्रको आधारमा अनुदानका कार्यक्रम उपलब्ध गराईनेछ ।
- यस पालिका भित्रका कृषकहरुले उत्पादन गरेको कृषि उपजहरु सुरक्षित भण्डारणका लागि निर्माण भएको कोल्ड चेम्वरलाई अधिकतम प्रयोगमा ल्याईनेछ ।
- कृषि उपजहरुको सुरक्षित ढुवानीका लागि कृषि एम्वुलेन्स व्यवस्था गरिएको छ । यसका लागि कृषकहरुले उत्पादन गरेका सामाग्रीहरुको न्युनतम दररेटमा ढुवानी गर्ने प्रयोजनका लागि सहुलियत दररेटमा कृषि एम्वुलेन्स उपलब्ध गराईनेछ ।
- गुणस्तरीय बीउ विजनमा यस गाउँपालिकालाई आत्मनिर्भर वनाईनेछ ।बाली,विउ विजन,नश्ल र कृषि तथा पशुपन्छी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ । रैथाने वालीको संरक्षण र प्रवर्दन गर्दै कृषकहरुको माग वमोजिम नेपाल कृषि अनुसन्धान परिषदसगको प्राविधिक सहयोगमा उन्नत जातको वीउ उत्पादन गरि प्रमाणीकरण गराईनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहीत गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरी क्रमश: आत्मनिर्भरता हासील गरिनेछ । तीनै तहका सरकारबीच समन्वयमा सामुहिक तथा व्यवसायीक नगदे फलफुल खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको वजारीकरण गरिनेछ ।
- खाद्यान्न धानको विउ उत्पादनमा प्रदेश सरकार, सघिय सरकारसंग साझेदारी गरि धानको विउमा आत्मनिर्भर तर्फ अगाडी वढाईनेछ ।
- किसानको उत्पादनलाई वजारीकरण गर्नको लागि आवश्यक पहल गरिनेछ । एक वडा एक सामुहीक कृषि उत्पादन,एक वडा एक विशेष उत्पादन,नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- उपयोगमा नआएका तथा वाँझो जमिनमा कृषि खेती प्रवर्दन गर्न सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन बृद्दि गर्न भुमिको चक्लावन्दीलाई प्रोत्साहित गरिनेछ ।

- अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । आलु, अदुवा, वेसार र आँप लगायत कृषि वस्तुको निर्यात प्रवर्दनका कार्यक्रम सन्चालन गरिनेछ ।
- भौगोलीक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई प्रविधि मार्फत वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउन भरपुर सहयोग गरिनेछ । सिँचाईका कुलोहरुलाई क्रमागत सम्पन्न गर्दै लगिनेछ । मुल कुलो तथा शाखा कुलोहरुलाई क्रमश सम्पन्न गरिनेछ।
- कृषक फर्म र समुहहरुसंगको साझेदारीमा सिँचाईमा प्रयोग गर्न वोरीङ्ग वा लिफ्टीङ्गमा लागत साझेदारी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- संचालित सिंचाई आयोजनाहरुको कम्तीमा १० वटा सिँचाई मर्मत तथा स्तरोन्तति गरी बाह्रै महिना सिंचाई सुविधा पु¥याउने नीति लिइनेछ ।
- साना सिंचाई कार्यक्रमसँग समन्वय गरी यस अन्तर्गत गठित जल उपभोक्ता समूहहरुलाई थप विउविजनमा सहयोग गरिने छ। कृषि वन पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सन्चालनमा ल्याईनेछ ।
- खाद्य वस्तुको उत्पादन वढाउने तथा लागत घटाउने कार्यक्रमहरु ल्याईनेछ ।
- गरिवीको रेखामुनी रहेका कृषकको आय आर्जन क्षमता अभिवृद्धि मार्फत जीविकोपार्जन सुधार गर्न स्थानीय संभाव्यताको पहिचान गरी कृषकहरुका लागि आयमूलक कार्यक्रम संचालन गरिनेछ।
- सेती केरा खेतीको उत्पादनलाई प्रति घरी उत्पादनमा आधारीत प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ ।
- सहकारीमा आधारीत कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिईने छ ।
- विपन्न वर्ग, दलित तथा महिला वर्गवाट कृषि उत्पादन गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ तथा सो वर्गबाट कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्राथमिकता दिईनेछ ।
- अनुदान प्रवाह व्यवस्थित गरि सञ्चालन हुने कार्यक्रमहरुमा कृषि तथा पशुपन्छी विमालाई अनिवार्य गरिने छ भने आमरुपमा समेत कृषि तथा पशुपन्छी विमालाई प्रवर्द्धन गर्न विशेष प्राथमिकता दिईनेछ ।

- सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहिहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकि सरह असुल उपर गर्नुका साथै कालो सुचीमा राखीनेछ। त्यस्तो कृषक समुह,सहकारी वा व्यक्तीलाई कुनै पनि प्रकारको सरकारी अनुदान सुविधा प्रदान वा सिफारीस गरिने छैन । यसका लागी नियमित अनुगमन गरि आवश्यक पृष्ठपोषण गर्न अनुगमन समितिलाई क्रियाशिल गरिने छ ।
- श्रोत साधनको सिमितता एवं कार्यगत सहकार्यका लागी स्थानिय स्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुलाई यस रणनितिले निर्दिष्ट गरेका उपक्षेत्रहरुमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ तर यस्तो प्रकारका सुविधा दोहोरो हुन नदिने नीति अवलम्वन गरिनेछ ।
- संघिय र प्रदेश सरकारले कायम गरेका लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न समन्वय र सहकार्यको आधारमा कार्यक्रम तर्जुमा गर्ने निति अवलम्बन गरिने छ ।
- जलबायू परिवर्तनका असरलाई न्यूनिकरण एवं अनुकुलनका उपायहरु अवलम्बनलाई प्राथमिकताका साथ अगाडी बढाउन जलबायू मैत्री कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिकाको कृषि विकासको लागी सम्भाव्यता अध्ययन गरिनेछ । आवधीक योजनालाई समेटने गरि पकेट लगायतका कार्यक्रम सन्चालनका लागि योजना तयार गरीनेछ ।
- माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि व्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ।
- कृषकहरुलाई व्यवसायीक बनाउनका लागि खाद्यान्न वाली अदुवा वेसार सुन्तला आँप लिचि एभोकार्डो कागती टमाटर मौसमी तथा वेमौसमी आलु उत्पादनको विशेष क्षेत्र तोकि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक पशुपालन,मौरीपालन ,मासु उत्पादन, दुग्ध उत्पादन तथा स्थानिय पोल्ट्रीजन्य वस्तुको उत्पादिनलाई प्रोत्साहन गरि आत्मनिर्भरता तर्फ उन्मुख गराईनेछ।

- कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार लगाएतका कार्यक्रमहरुलाई नियमित गरिनेछ।
- वाँझो जग्गालाई हरियाली वनाउने कार्यक्रम तय गरिनेछ ।वाँदर दुम्सी लगायत अन्य बन्यजन्तुहरुबाट बाली जोगाउनका लागि निजि तथा सार्वजनिक जग्गामा टिम्वुर,वेसार,अदुवा, कागती लगायतका आयआर्जन हुने किसीमका बोटविरुवाहरु लगाउन प्रोत्साहन गरिनेछ ।
- कृषि उपजको बजारीकरणका लागी उत्पादनोपरान्तका क्रियाकलापहरु सहज तुल्याउन सहकारी – निजि-सरकारी क्षेत्रको साझेदारिमा पोष्ट हार्भेष्ट सेन्टर, कृेट, प्रशोधन केन्द्र आदी पुर्वाधारहरुको विकास र विस्तार गरिनेछ ।
- तीन खम्बे अर्थनितिलाई (सरकार,सहकारी र निजी क्षेत्र) अवलम्बन गरि सहकारी मार्फत आर्थिक बृद्धि र विकासमा जोड दिइनेछ । यसका लागि नियमन प्रवर्दन र प्रशिक्षणको माध्यमबाट सहकारी क्षेत्रको विकास गरिनेछ ।
- उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरिनेछ । कृषक समुह र सहकारीसंग समन्वय गरि एकिकृत उत्पादन र वजारीकरण कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।
- दुध तथा दुग्ध जन्य पदार्थको विक्री वितरणलाई सुव्यवस्थित गर्न सहकारी तथा नीजि क्षेत्रलाई डेरी फार्म संचालन तथा क्षमता अभिवृद्धिका लागि अनुदान उपलब्ध गराईनुका साथै दुग्ध उत्पादन गरि सहकारी मार्फत विक्री गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर दुग्धमा अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपन्छी पालनको व्यवसायीकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ ।
- व्यवसायिक कृषि र खाद्य सुरक्षा सुनिश्चितताका लागि गैर्ह सरकारी संस्थाहरुसंग सहकार्यमा कार्यक्रमहरु सन्चालन गर्दै त्यस्ता कार्यक्रमहरुको प्रभावकारीताको उचित अनुगमन र नियमन गरिनेछ ।
- स्थानीय घरेलु उद्योगको मात्रामा आधारीत कच्चा पदार्थको उत्पादन गरि लघु उधमका लागि प्रोत्साहन गरिनेछ ।

- गाउँपालिका भरि देखा परेका विभिन्न रोगको निरन्त्रणका लागि प्रदेश र संघिय सरकारसंग साझेदारी गरि कार्यक्रम सन्चालन गरिनेछ ।
- पशुआहार तथा चरन क्षेत्रको विकासका लागि हिउदे तथा डाले घाँसको विउ तथा विरुवा वितरण गरि पशुआहारको लागत कम गरीनेछ ।
- भैसीपालन मार्फत दुग्धमा आत्मनिर्भर वनाउनका लागि पाडी पालनमा अनुदानको व्यवस्था गरि कृषकहरुलाई स्वरोजगार तर्फ अग्रसर वनाईनेछ ।
- उदयपुरगढी उमशिलताका लागि उत्पादन हाम्रो साथ वस्दैनौ हामी खाली हात नीति अबल्मवन गर्दै स्थानिय स्तरमा उपलब्ध भएको श्रोत साधनहरुको अधिकतम प्रयोग गरि घरघरमा सिप गाउँगाँउमा रोजगारी श्रृजना गरिनेछ ।
- उद्यमी हुन चाहनेका लागि शिप,उद्यमशीलताका लागि प्रविधि र उत्पादकका लागि वजारीकरणमा सहजीकरण गरि समृद्द पालिका बनाईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सामूदायीक आयोजनाहरुमा पालिका,वडा र विभिन्न साझेदार संघ संस्थाहरुको लागत साझेदारीमा श्रम मुलक योजनाहरु सञ्चालन गरिनेछ ।
- स्थानिय स्तरमा रोजगारी श्रृजना गर्नका लागि सार्वजनीक विकास निर्माणका कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ ।
- बैदेशीक रोजगारीबाट फर्किएकाहरुको शिप क्षमता र पुँजिलाई स्थानिय स्तरमा प्रयोग गर्न आवश्यक नीति वनाएर सम्वोधन गरिनेछ ।
- संघ तथा प्रदेशले ल्याएका रोजगारमुलक कार्यक्रमहरुको अपनत्व कायमगर्दै रोजगारीका क्षेत्रहरु विस्तार गरि गरिवि न्युनिकरण तथा रोजगारीका अबसरहरुमा वृद्धि गर्न पहलकदमी चालीनेछ ।
- काम सानो ठुलो हुँदैन भन्ने भावना विकास गर्न श्रमको सम्मान कार्यक्रम गरिनेछ ।
- पर्यटकिय सम्भावना भएका पालिका भित्रका विभिन्न स्थानहरुलाई जोड्नका लागि स्थानीय श्रोत साधनको प्रयोग गरि नेपाल भित्रका गढी भएका स्थानियतहरु विच समन्वय गरि पर्यटनका लागि पदमार्ग तय गरिनेछ ।

- उदयपुरगढी गाउँपालिकाका पर्यटकीय क्षेत्रहरूमा आन्तरीक तथा वाह्य पर्यटक भित्र्याई पर्यापर्यटनबाट आन्तरीक रोजगारी सृजना गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित साना उद्योग व्यवसायहरुलाई प्रबर्द्धन गर्न विद्युत महशुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने नीति अबलम्वन गरिनेछ ।

पुर्वाधार विकासः

- पालिकाको केन्द्रबाट वडा र अन्तरपालिका जोडने सडक बाटोहरुलाई १२ महिना नै चल्ने गरि स्तरउन्नती गरिनेछ । पालिकाको सडकको वास्तविक अवस्था पहिचान र विकासका लागि सडकको गुरुयोजना तयार गरिनेछ ।
- अधुरा र क्रमागत पुर्वाधारजन्य योजनाहरुलाई पुर्णता दिईनेछ । ठूला र बृहत तथा गाउँपालिकाको गौरवको आयोजनाहरू सञ्चालनका लागि संघीय र प्रादेशिक सरकारसंग साझेदारीमा आयोजना संचालन गरिने छ।
- नेपालटार उदयपुरगढी दरवार सडकलाई स्तरोन्नती तथा कालोपत्रेको लागि संघ, प्रदेश र स्थानीय तहको समपुरक साझेदारीमा बजेट बिनियोजन गरिने छ । उक्त आयोजना आगामी २ वर्षमा सम्पन्न गरिनेछ ।
- गाउँपालिका भित्र सबै प्रकारको पुर्वाधार संरचना वाल मैत्री, अपाङ्ग मैत्री तथा विपद उत्थानशिल वनाउदै लगिनेछ । साथै अधुरा पुर्वाधारजन्य योजनाहरुलाई पुर्णतादिईनेछ ।
- पुर्वाधार तर्फको कामको प्रकृती हेरी भौतीक पुर्वाधार समितिले सिफारीस गरि कार्यपालिकामा पेश गरे पश्चात कार्य अगाडी वढाउने नीति अवलम्वन गरिनेछ ।
- परेवा झरना पर्यटकीय पार्क डिपीआर अनुरुप क्रमश निर्माण सम्पन्न गरिनेछ ।
- हरेक पुर्वाधार जन्य योजनाहरुबाट योजना सम्पन्न पश्चात २ प्रतिशतको दरले मर्मत संभार कोष र २ प्रतिशतका दरले कन्टिजेन्सी कट्टा गरिनेछ । मर्मत

संभार कोष वा विनियोजित बजेटमा मर्मत संभार गर्ने भनि विनियोजित रु ५ लाख भन्दा माथीको रकममा ५० प्रतिशत भौतीक संरचना अनिवार्य र ५० प्रतिशत सरसफाई जन्य कार्य गरिनेछ ।

- आपतकालीन बाटोहरुको सरसफाईका लागि वडा अध्यक्षको रोहवरमा गाउँपालिकामा समन्वय गरि आपतकालीन अबस्थामा बाटोहरु सरसफाई गर्ने सो को अभिलेख वडाको प्राविधिकहरुले राखे र उक्त जानकारी तत्कालै पालिकामा फोटो भिडियो लगायतको उपलब्ध गराउने नीति अबलम्वन गरिनेछ ।
- आगामी आर्थिक वर्ष भित्र सडक सञ्जाल तर्फ कम्तीमा ५ कि मी सडक कालोपत्रे/ढलान, कम्तीमा १० कि मी व्यवस्थित नाली सहितको ग्राभेल,२५ कि मी सामान्य ग्राभेल निर्माण गरिनेछ ।
- खानेपानी पुगेको ठाँउमा मिटर जडान तथा नियमन गरिनेछ र उपभोक्ता खपत भुक्तानी प्रणालि लागूगर्ने नीति अख्तियार गरिने छ ।खानेपानी आयोजनाहरु सम्पन्न भएको स्थानमा खानेपानी तथा सरसफाई समिति गठन गरि समुदायमा हस्तान्तरण गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका कार्यालय र विद्यालयहरुको भौतिक संरचना निर्माण तथा व्यवस्थापनलाई क्रमश पुरा गर्दै लगिनेछ ।
- आ व २०७९।८० देखी सुरु गरिएको मर्मत संभार कोष संचालन कार्यविधि अनुसार नियमित कार्य अगाडी वढाईनेछ । यसवाट संचालन गरिने आयोजनामा अधिकतम लाभग्राही साझेदारी हुने आयोजनालाई पहिलो प्राथमीकता दिईनेछ ।
- स्थानिय भवन संहिता अनुसार घरनक्सा अनिवार्य लागु गरि पुराना घर संरचनालाई सुचिकृत गरिनेछ । यसरी सुचिकृत या नक्सा पास भएका घरहरुलाई पालिका वडा वा अन्य निकायवाट दिलाईने सुविधामा प्राथमिकता दिईनेछ ।

- ३ वर्ष भित्र शुद्ध खानेपानी सुविधा प्रदानका लागि १ घर १ धाराको अवधारणा कार्यान्वयन गरिनेछ । खानेपानी पुगेको ठाँउमा मिटर जडान र नियमन तथा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि समुदायमा हस्तान्तरण गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई तिव्रता दिईनेछ, वडा नं १ को तावाश्री स्वास्थ्य चौकीलाई सम्पन्न गरि सेवा प्रवाह सूरु गरिनेछ ।
- वडा नं ३ को स्वास्थ्य चौकीको भवन निर्माणलाई तिव्रता दिईनेछ र आधारभुत स्वास्थ्य इकाई नेपालटार भवन निर्माणका लागि आवश्यक पहल गरीनेछ ।
- बहुउपयोगी नेपालटार कभर्ड हललाई सम्पन्न गरी उदघाटन गरीनेछ ।
- आगामी बर्ष थप ३५ हेक्टर खेतीयोग्य जमीनमा सिचाईको सुविधा उपलब्ध गराईनेछ ।
- भौतीक पुर्वाधार निर्माण कार्यलाई प्रत्यक्ष रोजगारमुलक बनाईनेछ । गाँउपालिकावाट गरिने निर्माण कार्यहरुलाई प्रतिस्पर्धा मार्फत कार्य अगाडी वढाईनेछ ।
- उपभोक्ता समिति मार्फत गरीने निर्माणका कार्यहरुमा हेभि मेसीनको प्रयोगलाई निरुत्साहीत गरी श्रम मुलक कार्यको नीति अवलम्वन गरीनेछ । गाँउपालिकाको क्षेत्र भित्र निर्माण हुने भवनको घर जग्गा नापी नक्सा बाटो अभिलेखिकरण गर्ने व्यबस्था मिलाईनेछ ।
- गाउँपालिकाका वडाहरुमा खेलमैदान निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा संचालन गरिनेछ।
- चालू आर्थिक वर्षमा कम्तिमा १ वटा झोलुङ्गेपुल निर्माणको कार्य सम्पन्न गरिनेछ।
- नेपालटारको पौवाखोलामा मोटरेवल पक्की पुलको लागि संघिय सरकारसंग आवश्यक बजेट प्रवन्धका लागि व्यवस्था मिलाईने छ।

- ३ वर्ष भित्र शुद्ध खानेपानी सुविधा प्रदानका लागि १ घर १ धाराको अवधारणा कार्यान्वयन गरिनेछ । खानेपानी पुगेको ठाँउमा मिटर जडान र नियमन तथा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि समुदायमा हस्तान्तरण गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई तिव्रता दिईनेछ, वडा नं १ को तावाश्री स्वास्थ्य चौकीलाई सम्पन्न गरि सेवा प्रवाह सूरु गरिनेछ ।
- वडा नं ३ को स्वास्थ्य चौकीको भवन निर्माणलाई तिव्रता दिईनेछ र आधारभुत स्वास्थ्य इकाई नेपालटार भवन निर्माणका लागि आवश्यक पहल गरीनेछ ।
- बहुउपयोगी नेपालटार कभर्ड हललाई सम्पन्न गरी उदघाटन गरीनेछ ।
- आगामी बर्ष थप ३५ हेक्टर खेतीयोग्य जमीनमा सिचाईको सुविधा उपलब्ध गराईनेछ ।
- भौतीक पुर्वाधार निर्माण कार्यलाई प्रत्यक्ष रोजगारमुलक बनाईनेछ । गाँउपालिकावाट गरिने निर्माण कार्यहरुलाई प्रतिस्पर्धा मार्फत कार्य अगाडी वढाईनेछ ।
- उपभोक्ता समिति मार्फत गरीने निर्माणका कार्यहरुमा हेभि मेसीनको प्रयोगलाई निरुत्साहीत गरी श्रम मुलक कार्यको नीति अवलम्वन गरीनेछ । गाँउपालिकाको क्षेत्र भित्र निर्माण हुने भवनको घर जग्गा नापी नक्सा बाटो अभिलेखिकरण गर्ने व्यबस्था मिलाईनेछ ।
- गाउँपालिकाका वडाहरुमा खेलमैदान निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा संचालन गरिनेछ।
- चालू आर्थिक वर्षमा कम्तिमा १ वटा झोलुङ्गेपुल निर्माणको कार्य सम्पन्न गरिनेछ।
- नेपालटारको पौवाखोलामा मोटरेवल पक्की पुलको लागि संघिय सरकारसंग आवश्यक बजेट प्रवन्धका लागि व्यवस्था मिलाईने छ।

- देउलीकुना बाहुनीटार जरुवा सडकलाई सडक बोर्डसंगको साझेदारीमा मर्मत संभार गरि स्तरउन्नती गर्ने व्यवस्था मिलाईनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन:**

- विशेष जनचेतनामूलक कार्यक्रम, महिला, बालबालिका, असक्त, असहाय, वृद्ध, अपाङ्गता भएकाहरुको संरक्षण आदिको व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक निजी तथा व्यक्तीगत सम्पत्ति , प्राकृतिक एवम सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद व्यवस्थापन राहत कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ । गाउँपालिकामा हुने विभिन्न विपदको तत्काल उद्धार तथा राहत गर्न सामाग्री सहित सम्वन्धीत घटना स्थलमा गई राहत सामाग्री वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएको स्थानबाट मात्र नदीजन्य सामाग्री उत्खनन् गराउने व्यवस्थालाई कडाईका साथ अवलम्वन गरिनेछ ।
- वन व्यवस्थापनलाई वैज्ञानिक बनाउनको लागि सरकारी, निजी, धार्मिक, कबुलियत तथा सामुदायिक वनलाई व्यवस्थित गर्रिंदै लगिने छ ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ । नदी नियन्त्रणका लागि तटबन्ध निर्माण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ।
- जलचर तथा जलाधार संरक्षण सम्बन्धी आवश्यक कानुनको तर्जुमा गरिनेछ।
- गाउँपालिका स्तरिय तयार भएको विपद प्रतिकार्य योजना अनुसार विपदको कार्य सञ्चालन गरिनेछ। विपद व्यवस्थापन कोषलाई कार्ययोजना बनाई पुर्वतयारी, अनुकुलन तथा पुनर्स्थापनाका लागि न्युनतम आधार तयार गरिनेछ।
- "स्वच्छ उदयपुरगढी" को पहिचान सहित पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक पुर्वाधार विकासका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।

- आपतकालिन कार्य संचालन केन्द्रका लागि आबश्यक रकम विनियोजन गरिनेछ ।
- नदि नियन्त्रण, सडक सुरक्षा समेतका लागि क्रेट जाली खरिद गरि वितरण गरिनेछ ।
- वैकल्पीक उर्जा कार्यक्रमका लागि संघिय शसर्त कार्यक्रमसंग साझेदारी गरि आबश्यक स्थानहरुमा सोलार वत्ति र सडक पोल लाईट जडान गरिनेछ ।
- वन वातावरण जोगाउन क्ष्भ्म्, बृक्षारोपण, क्रेट जाली वितरण र फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- प्राकृतिक प्रकोपवाट आउने विपद् जोखिम न्यूनिकरणको लागी गाउँपालिका भित्र रहेको एम्वुलेन्स मर्मत तथा व्यवस्थापन गरिनेछ, रौतामाई गाउँपालिकासंगको साझेदारीमा दमकल सुविधालाई निरन्तरता दिईनेछ । सोका लागि आबश्यक रकम विनियोजन गरिनेछ ।
- पहिरो संरक्षण,नदी कटान रोक्ने, सडक पाखा संरक्षण तथा सडक नाली व्यवस्थापन गरिदै लगिनेछ ।
- जोखिम संवेदनशील क्षेत्र पहिचान, जोखिम न्युनीकरण सचेतना कार्यक्रम तथा स्वयम् सेवक परिचालनको व्यवस्था गरिनेछ ।
- सामुदायीक वनमा पर्यापर्यटन तथा प्राकृतिक वगैचा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- विपद, वातावरण सम्वन्धी विभिन्न दिवसहरु मनाउने कार्यक्रमहरु गरिनेछ ।
- आय प्रतिस्थापन गर्नका लागि ग्यास चुल्हो सिलिण्डरको प्रयोगलाई निरुत्साहीत गर्न, महिला स्वास्थ्यलाई समेत ध्यान दिनुका साथै वन वातावरण संरक्षणका लागि विद्युतीय चुल्होको प्रयोगलाई क्रमश सबै वडामा वितरण कार्यलाई विस्तार गरिनेछ ।

**ंस्थागत विकास तथा सुशासन**

- ✓ करदाताहरुलाई कर शिक्षाको उचित व्यवस्था साथ सचेत र शिक्षित बनाउने तर्फ विशेष जोड दिईने छ ।
- ✓ गाउँपालिकाको प्रशासनीक भवन निर्माणमा ठेक्का आह्वान भई कार्य अघि बढेको हुँदा सो को कार्य गुणस्तरता र कार्य चुस्ततालाई विशेष ध्यानमा राखि आगामी २ वर्ष भित्रमा पुरा गर्ने र संस्थागत सेवा प्रवाहलाई अझ बढी प्रभावकारी र मितव्ययी बनाईने छ ।
- ✓ राजश्व संकलन तथा व्यवस्थापनलाई आधुनिक सुचना प्रविधिहरुमा आवद्ध रहि सोही बमोजिम सरल, सक्षम, स्पष्ट र नियमसँगत गरिने छ ।
- ✓ पालिका भित्रका सबै सरकारी निकायहरुमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई ई- हाजिरी मार्फत तलब खुवाउने व्यवस्था अनिवार्य गरिने छ ।
- ✓ संस्थागत विकास तथा सेवा प्रवाह प्रभावकारिताको लागि मध्यनजर गरि आफ्नो जिम्मेवारी, कर्तव्यबाट बाहिरिने र आचरणहरुको बारम्बार उलङ्घन गर्ने करार तर्फका कर्मचारीहरुको हकमा म्याद थप गरिने छैन भने स्थायी कर्मचारीहरुको हकमा समेत ऐन अनुसार कारवाहीहरुको प्रक्रिया अघि बढाईने छ ।
- ✓ फिल्डमा खटिने कर्मचारीहरुको सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट फिल्डमा खटिएको व्यहोराको प्रमाणीत सिफारिस कार्यालयमा पेश गर्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।
- ✓ संस्थागत विकासका लागि ईन्टरनेट र वैकल्पिक विद्युतीय उपलब्धतालाई विशेष महत्त्वका साथ हेरिने छ ।
- ✓ कार्यालय दर्ता र कर्मचारी पद दर्ताको लागि कोशी प्रदेश किताबखानामा पठाईने प्रवन्द्ध मिलाईने छ ।
- ✓ चालु प्रकृतिका खर्च वडा कार्यलयमा विनियोजन गरिएकोमा निरन्तरता दिईने छ भने सो विनियोजन रकम राजश्व संकलनको आधारमा निर्धारण गरिनेछ ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुमा वित्तीय सुशासन सम्बन्धि विषयमा अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
- ✓ सबै वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुको टोल विकास कार्यहरुमा सक्रियता ल्याउँन विशेष व्यवस्था मिलाईने छ भने बजेट व्यवस्थापन तथा

सम्पन्नताका लागि टोल विकासको भूमिका रहने कुरालाई आत्मसाथ गरि योजना कार्यान्वनमा क्रियाशिल बनाईने छ ।

- ✓ भ्रष्टचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धि पालिका स्तरीय अनुशिक्षण कार्यक्रम संचालन गरि सार्वजनिक सेवा प्रवाहमा नियमितता र जवाफदेहिता अभिवृद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।
- ✓ नविनतम सूचना-संचार तथा प्रविधि प्रयोगलाई आत्मसाथ गर्न सो सम्बन्धि आवश्यक तालिम संचालन गरिने छ ।
- ✓ उपभोक्ता समितिहरुको कार्य प्रभावकारितालाई विशेष व्यवस्थापन गर्न कार्य सम्पादन तथा सुशासन सम्बन्धि तालिम संचालन गरिनेछ ।
- ✓ पालिका स्तरीय आवधिक सार्वजनीक सुनुवाईलाई निरन्तरता दिदै वडा स्तरमा समेत अनिवार्य लागू गरिने छ ।
- ✓ पालिकाको सुशासन तथा संस्थागत विकासका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्दै सेवा प्रवाहमा सरलता, स्वच्छता, निश्पक्षता र प्रभावकारिता कायम गरिने छ ।

## <u>सामाजिक विकास तर्फ</u>

### <u>शिक्षा,यूवा तथा खेलकूद विकास शाखा तर्फका निति तथा कार्यक्रमहरु</u>

- वायोमेट्रिक हाजिरीमा सवै विद्यालयको पहुँच विस्तार गर्दै  उक्त हाजीरीका आधारमा तलबभत्ता निकासा गर्ने निति लिईनेछ ।संघिय सरकारको नीति अनुरुप पालिका भित्र एक स्मार्ट विद्यालय कार्यक्रमलाई अगाडी वढाईनेछ ।
- विद्यालय शिक्षण सिकाइलाइ व्यवस्थित गर्न शिक्षक र विद्यार्थीका लागि लगबुक निर्माण गरि सिकाइलाई व्यवस्थित गरिनेछ साथै प्रत्येक दिन अभिभावक विद्यालय कार्यक्रम,पाठ्यान्तर र अतिरिक्त हाजीरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने, विद्यालयका प्र अ र शिक्षकसँग कार्य सम्पादन करार सम्झौता मूल्याङ्कन गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।



CamScanner

- विद्यार्थिको व्यवहार कुशलताको विकासका लागि प्रत्येक विद्यालयमा एउटा विद्यार्थी एउटा विरुवा कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर प्रतिस्पर्धात्मक रुपमा वृद्दी गर्न विभिन्न सूचकहरु निर्माण गरी उत्कृष्ठ विद्यालय घोषित गरिनेछ ।
- शिक्षालाइ गुणस्तरिय वनाउन वडा शिक्षा समितिको कार्यक्षेत्र निर्धारण र कार्यान्वयन गरिनेछ ।
- विद्यार्थीको चौतर्फी विकासका लागि राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालय समायोजन , एकिकरण ,तह मिलान साथै शिक्षक दरवन्दी मिलान गरिनेछ ।
- स्थानिय पाठ्यक्रम अनुसारको आधारभूत तहमा पाठ्यपुस्तक लेखन छपाई गरी विद्यालयमा वितरणमा ल्याईनेछ ।
- गाउँपालिका स्तरिय आधारभूत तहको परीक्षा कक्षा ८ को परीक्षालाई व्यवस्थित गरिनेछ ।
- अभिलेखिकरण व्यवस्थित गर्ने प्रयोजनार्थ सवै विद्यालयको शिक्षकको व्यक्तिगत अभिलेख व्यवस्थित गरिनेछ ।
- गाँउपालिकाको पञ्चवर्षिय शैक्षिक योजना तयार गरिनेछ ।
- अंङ्ग्रेजी माध्यममा शिक्षण गर्ने विद्यालयलाई प्रोत्साहन प्रदान गरिनेछ ।
- वालविकास सहजकर्ताको शिक्षण समयावधी अन्य शिक्षक सरह नै कायम गरिने छ ।

<u>महिला तथा बालबालिका शाखा तर्फको निति तथा कार्यक्रमहरु</u>

- ❖ वालश्रम मुक्त गाउँपालिका घोषणाका कार्यक्रम अगाडी वढाईनेछ ।
- ❖ बालमैत्री वडाहरु घोषणा गर्नको लागि बाल आधारपत्र तयार गरिनेछ ।
- ❖ उत्पिडित, पछाडि पारिएका महिलाहरुको सशक्तिकरणमा जोड दिईनेछ ।

- मानव अधिकार मैत्रि गाउँपालिका घोषणाको लागि आधार तयार गर्दै लाने नीति लिईनेछ ।
- महिलाहरु माथि हुने सवै किसिमका हिंसाहरु अन्त्यका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- उदयपुरगढी गाँउपालिका, कोशी प्रदेश सरकार र करूणाफाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउन अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम मार्फत खुसि अपाङ्गता नीति लिईनेछ।
- किशोरकिशोरी लक्षित कार्यक्रम संचालन गरि बालविवाह न्युनीकरणमा जोड दिईनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरी हिंसामा परेका महिलाहरुलाई विभिन्न सम्बद्ध निकायसँग समन्वय गरी उद्दार तथा पुनर्स्थापना गर्ने नीति लिईनेछ ।
- मृगौला प्रत्यारोपण गरेका , डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने प्रक्रियालाई सहज बनाईनेछ ।
- मृगौला प्रत्यारोपण गरेका , डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुको त्रैमासिक रुपमा अनुगमन गर्ने नीति लिईनेछ ।

**<u>स्वास्थ्य शाखा तर्फको नीति तथा कार्यक्रमहरु</u>**

- गाउँपालिका स्तरीय निर्माणका क्रममा रहेका आधारभुत अस्पतालको निर्माण कार्य सम्पन्न भए पश्चात सो स्वास्थ्य संस्थावाट गूणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा विशेषज्ञ तथा स्वास्थ्यकर्मि मार्फत उपलब्ध गराईनेछ ।
- स्वास्थ्य चौकी बर्रेको स्वास्थ्य भवन निर्माण कार्य २०८१।०८२ मा सम्पन्न गरि सो स्वास्थ्य संस्थावाट नियमित स्वास्थ्य सेवा प्रबाह गरिनेछ। गाउँपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरुको स्तर उन्नती र बर्थिङ सेन्टर नभएका

वडाहरुमा बर्थिङ सेन्टर निर्माणको लागी मापदण्ड पुगेका आधारमा बर्थिङ सेन्टर निर्माण गरी गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।

- स्वास्थ्य संस्थाहरुवाट निःशुल्क वितरण भै रहेका ९८ प्रकारका औषधि तथा स्वास्थ्य संस्थाको लागी औजार उपकरण आवश्यकता अनुसार परिपूर्ति गरिनेछ ।
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको विस्तार तथा व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह गरिनेछ ।
- स्वास्थ्यको नियमित कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ ।समय सापेक्ष स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सम्बन्धि ज्ञान र सिपमा अभिवृद्धि गराईनेछ ।
- सामुदायमा आधारित स्वास्थ्य सस्था मार्फत जेष्ठ नागरिक असाहाय अपाङ व्यक्तिहरुको लागी निःशुल्क उपचार तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- अति विपन्न घर परिवारहरुको लागी स्वास्थ्य विमा कार्यकमलाई निरन्तरता दिइनेछ ।
- नियमित खोप कार्यकमको सुद्धीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपना कायम गरिनेछ ।
- गाउँपालिका भरीमा उत्कृष्ट हुने स्वास्थ्य संस्थालाई पुरस्कृत तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ । गाउँघर क्लिनिक तथा खोप क्लिनिक मार्फत सामुदायमा गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य सस्थाहरुमा फोहोर मैला व्यवस्थापनको लागी सरसफाई तथा स्वास्थ्य सुरक्षा सामाग्रीहरु आवश्यकताको आधारमा परिपुर्ति गरिनेछ ।
- गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका अन्तर्गत संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यको मापदण्ड अनुसारको भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।
- महामारी तथा सर्ने र नसर्ने रोगहरुको जोखिम र न्युनिकरण तर्फ जनचेतना तथा समाधानको उपाय अवलम्बन गरिनेछ स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।



CamScanner

- स्वास्थ्य क्षेत्रमा सबैको साझेदारी र सहकार्यलाई अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुंचमा विस्तार र प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गरिनेछ ।
- विशेषज्ञ स्वास्थ्य सेवाको लागी समय समयमा स्वास्थ्य शिबिर मार्फत सेवा प्रवाह गरिनेछ । घरदैलो स्वास्थ्य सेवा कार्यकमलाई निरन्तरता दिईनेछ ।
- प्रभावकारी स्वास्थ्य शिक्षा, सुचना र संचारको माध्यमबाट गलत सामाजिक अभ्यासलाई न्यूनिकरण गरी नागरिकहरुको स्वास्थ आनिबानी र अभ्यासको प्रवर्द्धन गर्न उपयुक्त वातावरणको सुनिश्चितता गरिनेछ ।
- पोषणमैत्री स्थानीय शासन प्रवर्दन गरिने नीति लिईनेछ ।

**सम्मानित गाउँसभा सदस्यज्यूहरु,**

अन्त्यमा, यो नीति तथा कार्यक्रम यस उदयपुरगढी गाउँपालिकाको विकासको मार्ग चित्र र गाउँवासीको माग र आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, शिक्षक, समाजसेवी, विभिन्न सरकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, अन्य विकास साझेदार संघ संस्था लगायत सबै क्षेत्रको सुझावलाई समेट्ने प्रयास गरेको छु। नीति तथा कार्यक्रमको तर्जुमामा अमूल्य सुझाव दिनु हुने एवं सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट शिक्षामा आमूल परिवर्तनको सुरुवात हुने, कृषि उत्पादन अभिवृद्धि हुने, कृषिको बजारीकरणमा सहयोग पुग्ने, रोजगारी सिर्जना हुने, आर्थिक तथा सामाजिक विकासको माध्यमबाट सबै नगरवासीको समुन्नती हुने अपेक्षा राखेका छु । तसर्थ नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पूर्ण गाउँ सभा सदस्य, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी, समाजसेवी उद्योग व्यवसायी, गैरसरकारी संस्था, नीजि क्षेत्र र सम्पूर्ण उदयपुरगढी गाउँवासी जनताको साथ र सहयोग हुने अपेक्षा लिएको छु ।

**।धन्यवाद।**

**मान वहादुर केप्छाकी मगर**
**अध्यक्ष**
**उदयपुरगढी गाँउपालिका,उदयपुर**